# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा गरिमा विकास बैंक लिमिटेडको एकीकृत कारोबारको शुभारम्भ



गभर्नर डा. चिरंजीबि नेपालले मिति २०७३ असोज ४ का दिन पार्दी, पोखरामा गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेडबीच मर्ज भएपश्चात्को एकीकृत कारोवारको शुभारम्भ गर्नुभयो । एकीकृत कारोवार शुभारम्भ कार्यक्रममा गभर्नर डा. नेपालले बैंकका लगानीकर्ता अन्य उद्योग, व्यवसायका लगानीकर्ताभन्दा फरक रहेको र बैंकका संचालक, लगानीकर्तामा जनताको विश्वास रहेको बताउनु भयो । बैंक वित्तीय संस्थाका लगानीकर्ताले नाफा मात्रै हेर्न नहुने धारणा राख्दै केन्द्रीय बैंकले पनि जनताको निक्षेप स्वीकार गर्न र सोको सुरक्षाको जिम्मेवारी बैंक तथा वित्तीय संस्थाहरुलाई दिएको उहाँले बताउनु भयो ।

हालको वित्तीय क्षेत्रमा नयाँ नयाँ प्रविधि, अन्तर्राष्ट्रिय मान्यताहरु आएको बताउँदै गभर्नर डा. नेपालले बैंक वित्तीय संस्थाका संचालकहरु पढे लेखेका शिक्षित, व्यवसायिक हुनु पर्ने र कर्मचारीहरु पनि दक्ष तथा तालिम प्राप्त हुनु पर्ने बताउनु भयो । नेपाल राष्ट्र बैंकले लिएको पूँजी वृद्धिको नीति पश्चात् विकास बैंक एवम् वित्त कम्पनीको पनि पूँजी वृद्धि हुने भएकोले कर्जा लगानी एवम् कारोवारको दायरा फराकिलो हुने हुँदा सोको कुशल परिचालनका लागि बैंकका प्रमुख कार्यकारी अधिकृत एवम् कर्मचारीहरू दक्ष हुनु पर्ने कुरा उहाँले बताउनु भयो । संशोधनको क्रममा रहेका नेपाल राष्ट्र बैंक ऐन र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन जारी भएपश्चात् वित्तीय क्षेत्र अझ बढी कुशल र सक्षम हुने बताउनु भयो । मर्जरको प्रक्रियाबाट पूँजी वृद्धि भई लगानीमा विस्तार, सञ्जालको विस्तारका साथै संस्थाको वित्तीय स्थिति समेत मजबुद् हुँदै जाने कुरा उहाँले बताउनु भयो । देशका आधाभन्दा बढी जनसंख्या बैंक तथा वित्तीय संस्थाको पहुँचबाट बाहिर रहेको वर्तमान अवस्थामा बैंक तथा वित्तीय संस्थाहरू थप Innovative भई वित्तीय सेवा प्रदान गर्नुका साथै वित्तीय पहुँच विस्तारमा लाग्नु पर्ने बताउनु भयो । नेपालमा उत्पादनशील क्षेत्रमा लगानीको लागि थुप्रै अवसर रहेकाले पूँजी वृद्धिले आर्थिक विकासमा समेत टेवा पुग्ने विश्वास व्यक्त गर्नु भयो । नोट राष्ट्रको सम्पत्ति हो, यो छपाईमा खर्च हुने हुनाले दशैं तिहार जस्ता चाडवाडमा समेत चलनचल्तीको नोटलाई सफा र सुरक्षित राख्नेमा ध्यान दिन समेत गभर्नर डा. नेपालले आग्रह गर्नु भयो ।

सोही दिन गभर्नर डा. नेपालले रिलायबल डेभलपमेन्ट बैंक लिमिटेड, डुम्रे, तनहुँ शाखाको समेत उद्घाटन गर्नु भएको थियो ।

२०७३ असोज ४, सोमबार

गभर्नरको कार्यालय